
annapurnapost.com
अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक १०१ पृष्ठ ८ | काठमाडौं, शनिबार २६ साउन २०८१ | श्रावण शुक्लपक्ष षष्ठी, नेपाल संवत् ११४४ | SATURDAY, AUGUST 10, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

# बालबालिकाको संख्या घट्यो, छोरी त झनै घटे

राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको तथ्यांकअनुसार मुलुकमा बालबालिकाको जनसंख्या ह्वात्तै घटेको देखिएको छ। अर्थात्, बालबालिकाको जनसंख्या ऋणात्मक देखिएको छ। त्यसमा पनि बालिका (छोरी)को जन्मदर त निकै कम छ। यसरी बालबालिकाको जनसंख्या ह्वात्तै घट्दा मुलुकलाई भविष्यमा नराम्रो असर पुग्ने विज्ञहरू बताउँछन्।




समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट

## भित्री पृष्ठ



सडक किनाराका बिचरा रुखहरू ! - पृष्ठ ३



'फस्ट रियालिटी शो फर... - पृष्ठ ५



समुद्रमा सात दिन सरर - पृष्ठ ५



'प्रमाण भएरै उद्योगीलाई छुट बिल जारी' - पृष्ठ ७

# प्रधानमन्त्रीको कार्यकालबारे कांग्रेसमा विवाद

**राधा खनाल** | *काठमाडौं*

सत्तासीन कांग्रेसमा एउटा नयाँ बहस सुरु भएको छ- 'एउटै व्यक्ति कति पटक प्रधानमन्त्री बन्ने ?' महामन्त्री विश्वप्रकाश शर्माले दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने प्रस्ताव गरेपछि कांग्रेसमा यसबारे बहस सुरु भएको हो। संस्थापन पक्षले पार्टी सभापति देउवालाई रोक्न यस्तो प्रस्ताव गरिएको आरोप लगाएको छ। तर, संस्थापन इतर पक्षले 'पद्धति' विकासका लागि यो अनिवार्य भएको तर्क गरेको छ।

बुधबारदेखि जारी केन्द्रीय कमिटीको बैठकमा महामन्त्री शर्माले एउटै व्यक्ति दुई पटकभन्दा बढी प्रधानमन्त्री हुन नपाउने गरी राखेको प्रस्तावका विरुद्धमा पार्टीका संस्थापन पक्षका नेताहरू खनिएका छन्।

महामन्त्री शर्माले समसामयिक विषयको प्रतिवेदनमा यस्तो प्रस्ताव गरेका थिए। केन्द्रीय सदस्य डा. आरजु देउवा राणा र प्रवक्ता डा. प्रकाशशरण महतले शर्माको प्रस्तावको बैठकमा विरोध गरेका थिए। शर्माको प्रतिवेदन आएपछि राणाले भनिन् 'संविधानले जति पटक पनि प्रधानमन्त्री बन्न दिन्छ, कांग्रेसले कसरी रोक्न मिल्छ ?' पार्टी प्रवक्ता महतले भने सभापतिलाई प्रधानमन्त्री बन्नबाट रोक्नका लागि यस्तो प्रस्ताव ल्याएको भन्दै आपत्ति जनाए। 'एक्जिट पोलिसी व्यावहारिक छैन,' उनले भने, 'यसलाई पारित गर्ने हो भने सभापति देउवाले फेरि प्रधानमन्त्री बन्न पाउनुहुन्न। यो प्रस्ताव सभापतिलाई फेरि प्रधानमन्त्री बन्न नदिने उद्देश्यले आएको हो भनेर सहजै बुझ्न सकिन्छ।'



दुई पटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था गरेर अघि बढौं। पद्धति विकासका लागि यो अनिवार्य छ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री



यो प्रस्ताव सभापतिलाई फेरि प्रधानमन्त्री बन्न नदिने उद्देश्यले आएको हो भनेर सहजै बुझ्न सकिन्छ।

**डा. प्रकाशरण महत**
प्रवक्ता

महामन्त्री शर्माले नेतृत्व बहिर्गमनका लागि राष्ट्रपति एकपटक, प्रधानमन्त्री दुईपटक, मन्त्री तीनपटक र सांसद बढीमा चारपटक हुन पाउने गरी प्रतिवेदन बैठकमा छलफलका लागि पेस गरेका थिए। यदि प्रस्तावित एजेन्डालाई पार्टीले पारित गरेमा संवैधानिक व्यवस्था मिलाउनुपर्ने हुन्छ। त्यसका लागि कांग्रेस नै अघि सर्नुपर्ने हुन्छ। बैठकमा सहभागी अर्का एक नेताले भने 'को कतिपटक भन्ने कुरा कि संविधानमै व्यवस्था हुनुपर्‍यो हैन भने एउटा नेताले भनेकै भरमा प्रस्ताव ल्याएकै भरमा यो सिस्टम परिवर्तन हुन्छ भन्ने हुँदैन। छलफलको एउटा विषयमात्रै बन्न सक्छ।'

राणाले अगाडि भनिन्, 'प्रधानमन्त्री कतिपटक हुने भनेर पार्टीले तोक्ने होइन। प्रधानमन्त्री कतिपटक बन्न पाउने भन्ने विषयमा कुनै प्रावधान पार्टीको विधानमा नै राख्नुपर्छ भन्ने मलाई लाग्दैन, यो त अनुभव, काम तथा उसको प्रभावकारिताका आधारमा हुने हो।'

राणाले प्रत्यक्ष निर्वाचनमा नै ३३ प्रतिशत महिला उम्मेदवारी अनिवार्य गर्नेगरी पार्टीले नीति बनाउनुपर्ने बताइन्। राणाले भनिन्, 'समावेशिताका विषयमा मैले पहिल्यैदेखि भन्दै आएको छु, प्रत्यक्ष निर्वाचनमै महिलालाई ३३ र दलित समुदायका लागि १० प्रतिशत उम्मेदवारीको सुनिश्चितता हुनेगरी नीति बनाऔं।'

## राष्ट्रसंघबाट साइबर अपराधविरुद्धको अभिसन्धि अनुमोदित

**संयुक्त राष्ट्रसंघ** (एएफपी) : वर्तमान समयमा सम्भावित खतराको निगरानी चेतावनी दिएका मानव अधिकारकर्मीहरूको कडा विरोधको बाबजुद राष्ट्रसंघका सदस्य राष्ट्रहरूले बिहीबार साइबर अपराधविरूद्धको अभिसन्धि अनुमोदन गरेका छन्।

न्युयोर्कमा तीन वर्षको वार्ता र अन्तिम दुई हप्ताको छलफलपछि सदस्यहरूद्वारा अनुमोदित साइबर अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय अभिसन्धिलाई औपचारिक स्वीकृतिका लागि महासभामा पेस गरिनेछ। अभिसन्धिको मस्यौदा समितिको अध्यक्ष अल्जेरियाली कूटनीतिज्ञ फौजिया बौमाइजा मेबार्कीले प्रस्ताव स्वीकृत भएपछि सहभागी सदस्य राष्ट्रलाई धन्यवाद दिए।


रुसले सन् २०१७ मा गरेको प्रारम्भिक कदमपछि अमेरिका र युरोपेली विरोधको बाबजुद यो समिति गठन गरिएको थियो। यो अभिसन्धि ४० सदस्य राष्ट्रद्वारा अनुमोदन भएपछि लागू हुनेछ भने यसले बाल यौन दुर्व्यवहार, सम्पत्ति शुद्धीकरणलगायतका 'साइबर अपराध'लाई प्रभावकारी रूपमा रोक्न प्रयास गर्नेछ।

# किन बढे जबरजस्ती करणीका घटना ?

**अजवी पौड्याल** | *काठमाडौं*

मुलुकभरका जेलमा २८ हजार ६ सय ९८ जना बन्दी छन्। त्यसमा सबैभन्दा बढी जबरजस्ती करणी (जक) मा दोषी ठहर भएकाहरू छन्। कारागार व्यवस्थापन विभागका अनुसार ७ हजार ४ सय ५३ जना जबरजस्ती करणी मुद्दामा कारागार चलान भएका छन्। यस्तै, जबरजस्ती करणी उद्योगमा जेल पर्नेमा ३ सय २२ जना छन। जबरजस्ती करणी कसुरमा जेल पर्नेमा अधिकांश युवा छन्। अघिल्लो वर्ष गृह मन्त्रालयले गरेको एक अनुसन्धानमा जबरजस्ती करणी र लागूऔषध मुद्दामा संलग्न हुनेमा अधिकांश १८ देखि ४० वर्ष उमेरसमूहका रहेको देखाएको थियो। त्यसैकारण, विभिन्न अध्ययन, रिपोर्ट र तथ्यांकले जबरजस्ती करणी उद्योगमा जेल पर्नेमा अधिकांश युवा रहेको सरोकारवाला बताउँछन्। सीप, जोश र जाँगर भएका युवाहरू यसरी जेल पर्दा त्यसको प्रत्यक्ष असर समाजमा पर्ने गरेको जानकारहरू बताउँछन्। यसका साथै उनीहरूका परिवार र आफन्तमा समेत सामाजिक रूपमा नराम्रो असर पर्ने गर्छ। जेल जानेका परिवारले सामाजिक बदनामी, विभेद र भेदभाव व्यहोर्नुपर्छ।

प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष ०८०/८१ मा मात्रै २ हजार २ सय ५८ वटा जबरजस्ती करणीका घटना प्रहरीमा दर्ता भए। यस्तै ४ सय १८ वटा घटना जबरजस्ती करणी उद्योगका दर्ता भए। अपराधको घटना अनुसन्धान हुने निकाय प्रहरी कार्यालय र 'कसुर हो/ हैन' भनेर अदालतबाट छिनोफानो भएर पुग्ने ठाउँ कारागारमा रहेको विवरण हेर्दा पछिल्ला वर्षमा जबरजस्ती करणीका घटना बढिरहेका छन्।




**किन बढिरहेछन् जबरजस्ती करणीका घटना ?**

समाज जतिजति शिक्षित र आधुनिक बन्दैछ, आपराधिक घटनाका प्रवृत्ति पनि फरकफरक हुने गरेका छन। वरिष्ठ अधिवक्ता एवं फौजदारी कानुनका विज्ञ केदारप्रसाद दाहाल जबरजस्ती करणीमा पुनःव्याख्या र पुनःपरिभाषा गर्नुपर्ने तर्क गर्छन्। यस्ता कसुरमा अभियोग लाग्नेबित्तिकै 'ठूलै जघन्य घटना भइहाल्यो' भनेर अनुमानका आधारमा अनुसन्धान गर्ने प्रवृत्ति गलत भएको दाहालको भनाइ छ। पछिल्लो समय सहमतिमा भएका सम्बन्धलाई पनि विवाद आउनासाथ जबरजस्ती करणी भन्दै उजुरी गर्नेको संख्या पनि बढ्दो छ।

कानुनको नजरमा कसुर भए पनि व्यावहारिक रूपमा सहमतिमा भएका सम्बन्धहरू करणी होइनन्। रिस उठेको बेला उजुरी हाल्नको लागि मात्रै यस्ता कसुरहरू प्रयोग गर्न नहुने दाहाल बताउँछन्। 'अहिले जबरजस्ती करणीका विषयमा घटनाअनुसार व्याख्या विश्लेषण भइरहेका छन्। अभियोग यकिन भएका कसुरसम्बन्धी सबै मुद्दामा समान तरिकाले व्याख्या गर्नुपर्छ,' दाहालले भने।

अर्का वरिष्ठ अधिवक्ता तथा फौजदारी कानुनकी विज्ञ उषा मल्ल पाठक जबरजस्ती करणीका घटना कम नहुनु चिन्ताको विषय भएको बताउँछिन्। 'कुनै व्यक्तिमाथि आरोप लागेकै आधारमा कारागार पुर्‍याउने प्रचलनका कारण पनि बन्दीको संख्या धेरै भएको हो,' पाठक भन्छिन्, 'जबर्जस्ती करणी कसुरका घटना बढेभन्दा किन घटेनन् भनेर खोजी गर्नुपर्ने हुन्छ। साक्षरता प्रतिशत बढेकै छ। कानुनी सचेतना पनि बढाएकै छौं। समाज पहिलेको तुलनामा शिक्षित र आधुनिक बनिरहेको छ। प्रहरी प्रशासन पनि अपराध अनुशासनमा अब्बल सावित भएको छ। फौजदारी संहिता लागू भएकै छ। सबै कुरा राम्रो हुँदाहुँदै यस्ता जघन्य कसुरका घटना कम नहुनु चिन्ताको विषय हो।'

» बाँकी पृष्ठ ८